# 2021

# NEPALI

## (Modern Indian Language)

**Full Marks : 100**

**Pass Marks : 33**

**Time : Three hours**

*सोधिएका प्रश्नहरूको उत्तर आफ्नै शब्दमा लेख ।*

*प्रश्न संख्या 1 देखि 4 सम्मका प्रश्नहरूको उत्तर दिएका विकल्पहरूबाट सहि चुनेर लेख :*

1. परालको आगो कथा कस्ले लेखेका हुन् ? 1

(क) गुरुप्रसाद मैनाली (ख) विश्वेश्वरप्रसाद कोईराला

(ग) रूपनारायण सिंह (घ) शिवकुमार राई

2. शरीर पूर्ण स्वस्थ रही स्वस्थ विचारधारा राखी निरोगी जीवन जीउनुलाई के भनिन्छ ? 1

(क) हेपाटाइटिस-बी (ख) रिप्रडक्टिभ हेल्थ

(ग) लुतो (घ) हारपीज

3. आफ्नो वा धेरैका मांगहरू मागेर सरकार वा कुनै विशेष व्यक्तिलाई लेखिने पत्रलाई के भनिन्छ ? 1

(क) व्यापार पत्र (ख) स्मारक पत्र

(ग) दफतरी पत्र (घ) व्यक्तिगत पत्र

4. अभिमानीको पर्यायवाची शब्द के हुन्छ ? 1

(क) घमण्डी (ख) वैरागी

(ग) निराधार (घ) निरूपाय

*प्रश्न संख्या **5** देखि **14** सम्मका प्रश्नहरूको उत्तर भरसक एउटा शब्द वा एउटा वाक्यमा लेख :*

5. वीर कुँवर देशको रक्षार्थका लागि कहाँ पुगे ? 1

6. कमरेड भनेको के हो ? 1

7. गौँथली दैलो अग्लयाएर कहाँ गएकी थिई ? 1

8. आर्किथोलोजिष्टलाई के चीजको महत्व हुन्छ ? 1

9. 'साइलक आइरहेछ' कविताका रचयिता को हुन् ? 1

10. 'उनी पुस्तक पढ़े'-शुद्ध वाक्य लेख । 1

11. 'काम' को अनेकार्थक शब्द लेख । 1

12. 'कपटी' को विपरीतार्थक शब्द लेख । 1

13. 'खुटटाले खोला तर्ने काम'-सारशब्द लेख । 1

14. 'ईश्वर' शब्दको पर्यायवाची शब्द लेख । 1

*प्रश्न संख्या **15** देखि **23** सम्मका प्रश्नहरूको उत्तर भरसक अति संक्षेपमा लेख :*

15. जुठे दमाईका लोग्ने-स्वास्नी संधै माझीगाउँ तिर किन जान्थे ? 2

16. अमर र नयनताराले कस्तो प्रकारले बिहे गरे ? 2

17. बड़दो उमेरमा गलत नशामा परिणत हुने चीजहरू के-के हुन् ? 2

18. मन र फ़लामको अन्तर स्पष्ट गर । 2

19. साइलक केको पर्यायवाचीको रूपमा व्यावहार गरिएको छ ? 2

20. पत्रका मुख्य अंग के के हुन् ? 2

21. निबन्ध लेखता के के कुरामा ध्यान दिनु पर्दछ ? 2

22. भनेकार्थक शब्द केलाई भनिन्छ ? 2

23. बाग्धारा भनेको के हो ? 2

*प्रश्न संख्या **24** देखि **29** सम्मका प्रश्नहरूको उत्तर संक्षेपमा लेख :*

24. आमा कथाको आधारमा नयनताराबारे निमीले जानेजतिका कुशहरू लेख । 3

25. गलत औषधिको प्रयोगले मानिसमा के प्रभाव पर्छ ? 3

26. कवि युद्धवीर राणाले 'म जन्मोको देश' कवितामा भारतवर्षको महिमाको वर्णन कसरी गरेका छन् ? 3

27. निबन्ध लेख्दा कस्ता-कस्ता सामाग्री हुनु पर्छ ? 3

28. 'तीन भुवन देखनु'; 'उड़ेको चश खसाल्नु', 'इमान खल्ती मिश्र हाल्नु'-थी बाग्धाराहरूको अर्थ लेख । 3

29. असुर, कलंक र दरिद्र शब्दका दुई-दुई-वटा पर्यायवाची शब्द लेख । 3

*प्रश्न संख्या **30** देखि **35** प्रश्नहरूको उत्तर संक्षेपमा नै लेख :*

30. भिरिङ्गी भनेको के हो ? संक्षेपमा लेख । 4

31. ''कृषिप्रधान देशमा रोपाईको दिन भरदेशको महोत्सव हुन्छ ।'' अर्थ स्पष्ट पार । 4

32. हाम्रो भाषामा शब्दहरू अरूतिरबात पैंचो किन लिन्छौं ? 4

33. जटिले पनि जलेकै छ

जता पनि ढलेकै छ,

मनको बह कतैन कह

कसले बुझ्छ कसले सुन्छ ? अर्थ स्पष्ट पार । 4

34. एउटा शोकपत्र लेख । 4

35. विपरीतार्थक शब्द के लाई भनिन्छ ? उदाहरण सहित लेख । 4

*प्रश्न संख्या 36 र 37 का प्रश्नहरूको उत्तर विस्तारपूर्वक लेख :*

36. "मन त फलाम कै भए असल हुन्छ" अथवा "म जन्मेको देश" कविताको सारांश लेख। 8

37. निम्नलिखित विषयहरू मध्ये कुनै एउटा विषयमा निवन्ध लेख : 8

(क) विद्यार्थी जीवन

(ख) नारी शिक्षा

(ग) अनुशासन

प्रस्तुत गद्यांश पढ़ेर सोधिएका प्रश्नहरूको उत्तर लेख :

हाम्रो धरतीमा बापूले जन्म लिए। तर यो धरतीको यो सौभाग्य भएन कि जुन महापुरुषले देशको पराधीन्ताको जञ्जिर तोड़े र देशको प्रतिष्ठालाई संसारमा माथि पुरचाए र आफ्न-द्वारा प्रतिष्ठित स्वतन्त्र राष्ट्रमा जीवित रहेर विश्व-शान्ति र विश्वबन्धुत्वको आफ्नो सपना पूरा गर्न सकेनन् । मानवताको रक्षा गर्दा गर्दै उनले प्राण गुमाए ।

38. बापूले हाम्रो निम्ति के गरे ? 2

39. बापूले आफ्नो प्राण कसरी गुमाए ? 2

40. के बापूले विश्वशान्ति र विश्वबन्धुत्वको आफ्नो सपना पूरा गरे ? 3

41. रेखांकित शब्दका अर्थ लेख । 3